यो आकाशवाणी हो ।
09.03.2025

- कृत्रिम बुद्धिमता महिलाहरूका लागि धेरै उपयोगी
- संसदको बजेट सत्रको दोस्रो चरण भोली देखी शुरू हुने
- दिल्लीको रविन्द्र भवनमा छ दिवसीय साहित्योत्सव जारी
- केन्द्रीय स्वास्थ्य मन्त्रीले मुख्यमन्त्री बालिका समृद्धि योजना र मुख्यमन्त्री कन्या आत्मनिर्भर योजनाको गर्नुभयो घोषणा, अनि
- सीरियामा, दुई दिन सम्म चलीरहेको झड़पमा मर्नेहरूको संख्या एक हजार भन्दा अधिक ,

समाचार विस्तारमा।

**प्रधानमंत्री-महिला और बाल विकास मंत्री**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सोशल मीडियामा महिलाहरूलाई सशक्त बनाउनमा कृत्रिम बुद्धिमताको भूमिकामा महिला र बाल विकास राज्य मन्त्री श्रीमती सावित्री ठाकुर द्वारा लिखिएको एउटा लेख साक्षा गर्नुभयो । श्री मोदीले भन्नुभयो, कृत्रिम बुद्धिमता महिलाका लागि धेरै उपयोगी हुनका साथ-साथ, यसले अनेक अवसर पनि प्रदान गरिरहेको छ। आफ्नो लेखमा श्रीमती ठाकुरले बताउनुभयो, कृत्रिम बुद्धिमता अनगन्ती संभावनाका साथ , महिलाहरूको समाजमा निर्णायक भूमिका निभाउनमा पनि सक्षम बन्दैछ।

**संसद-बजट सत्र**

संसदको बजेट सत्रको दोस्रो चरण भोली देखी शुरू हुनेछ। सत्रको यो चरण चार अप्रेल सम्म चल्नेछ जसमा बिस बैठक हुनेछ । वित्त मन्त्री **श्रीमती निर्मला सीतारामनले** भोली मणिपुरका लागि बजेट पेश गर्नुहुनेछ। पछिल्लो महीना मुख्यमन्त्री **श्री एन बीरेन सिंहको** राजिनामा पछि राज्यमा राष्ट्रपति शासन लागू छ । हाम्रा संवाददाताले बताए अनुसार सत्रमा वर्ष दुई हजार पचीस – छब्बीसका लागि अनुदान मांग र सम्बन्धीत विनियोग विधेयकमा चर्चा र मतदान गरिनेछ।

**दिल्ली-साहित्योत्सव**

दिल्लीको रविन्द्र भवनमा छ दिवसीय साहित्योत्सव जारी छ । यस महोत्सवमा बाइस भाषाहरूका रचनाकारहर्ूलाई साहित्य अकादमी पुरस्कार- दुई हजार चौबीसले सम्मानित गरियो । योे कार्यक्रम एशियाको सबैभन्दा ठूले साहित्य उत्सव होे। हिन्दी , उर्दू, मलयालम, कोकणी, मराठी र अंग्रेजी साहित्य सहित बाइस भाषाका रचनाकारहरूलाई साहित्य अकादमी पुरसकार- दुई हजार चौबीस प्रदान गरिएको छ। यस पल्ट साहित्योत्सवमा देशका विभिन्न भागबाट पचास भन्दा अधिक भाषाका प्रतिनिधित्व गर्ने सात सय भन्दा अधिक लेखकले हिस्सा लिँदैछन्। यस महोत्सवको विषय छ - **"भारतीय साहित्यिक परम्परा"**। यसमा युवा लेखक, पूर्वोत्तर र आदिवासी लेखक, **एल.जी.बी.टी.क्यू** लेखक, कवि, प्रकाशक र विभिन्न क्षेत्रका प्रमुख मानिस शामेल छन् । साहित्य महोत्सवमा प्रवेश निःशुल्क छ ।

**स्वास्थ्य संस्थान**

केन्द्रीय स्वास्थ्य एवं परिवार कल्याण राज्य मन्त्री सुश्री **अनुप्रिया पटेलले** भन्नुभएको छ, भारतले सार्वजनिक स्वास्थ्यको नयाँ युगमा प्रवेश गरिसकेको छ र सरकारले सार्वभौमिक स्वास्थ्य कवरेजलाई बढ़ाउनमा पनि ध्यान दिरहेको छ । आज नयाँ दिल्लीमा राष्ट्रीय स्वास्थ्य एवं परिवार कल्याण संस्थानको अठचालिसऔं वार्षिक दिवस समारोहलाई सम्बोधित गर्दै उहाँले भन्नुभयो, सरकारले मानिसका लागि स्वास्थ्य सेवालाई **सुलभ र किफायती** बनाइरहेको छ। उहाँले भन्नुभयो, देशमा मेडिकल कलेजको संख्या दुई हजार चौधमा तीन सय अस्सी थियो जो दुई हजार चौबीसमा दुईगुना भन्दा पनि अधिक बढेर सात सय सतासी भयो । उहाँले भन्नुभयो

समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।

**13.संशो इस्राइल-युद्ध विराम-गजा**

इस्राइलले भोली कतरको राजधानी दोहामा एउटा प्रतिनिधिमण्डल पठाउनेछ जसले गजामा युद्ध विराम र हमास द्वारा बन्धक बनाएका इस्राइली बन्धकहरूको रिहाई सुनिश्चित गर्नका लागि बातचीत अघि बढ़ाउन्न सकियोस । इस्राइलले अमरीका द्वारा समर्थित **मध्यस्थ** देशको निमन्त्रणलाई स्वीकार गरेको छ। यस अघि शनिवार हमासले भनेको थियो, गजामा युद्ध विराम समझौताको दोस्रो चरणका लागि बातचीत बारे सकारात्मक संकेत मिलिरहेको छ ।

**जेपी नड्डा- नई योजना**

भारतीय जनता पार्टीका अध्यक्ष र केन्द्रीय स्वास्थ्य मन्त्री श्री **जगत प्रकाश नड्डाले** आज त्रिपुरामा नारिहरूका लागि दुई नयाँ योजनाहरू, **मुख्यमन्त्री बालिका समृद्धि योजना** र **मुख्यमन्त्री कन्या आत्मनिर्भर योजनाको घोषणा गर्नुभयो** । श्री नड्डाले त्रिपुरामा भाजपाको नेतृत्व भएको राष्ट्रीय जनतान्त्रीक गठबन्धन सरकारको लगातार सात वर्ष पूरा हुने उपलक्ष्यमा आज अगरतलामा विशाल रेलीलाई सम्बोधन गर्नुभयो । उहाँले भन्नुभयो, **मुख्यमन्त्री बालिका समृद्धि योजना** अन्तर्गत, गरीबी रेखा भन्दा तल रहेका परिवारमा बालिकाको जन्ममा राज्य सरकारले ब्राण्डका रूपमा उहाँको नाममा पचास हजार रुपियाँ जमा गर्नेछ। बालिका अठार वर्ष पुगेपछि उहाँलाई कुल दस लाख रुपियाँ मिल्नेछ ।

**संशो विदेश मंत्रालय-कैलिफोर्निया मंदिर**

भारतले अमरीकामा **क्यालिफोरनीया-को** चिनो हिल्समा एउटा हिन्दू मन्दिरमा तोड़फोड़को घटनाको निन्दा गरेको छ । विदेश मंत्रालयका प्रवक्ताले नयाँ दिल्लीमा भन्नुभयो, मन्त्रालयले स्थानीय अधिकारीहरूसंग तोड़फोड़का लागि जिम्मेबार मानिसका विरूद्धमा कड़ा कार्रवाई गर्न अनुरोध गरेकोछ ।

**सीरिया में हिंसा- मृतकों की संख्या**

सीरियामा, देशका सुरक्षा बल र **अपदस्थ** राष्ट्रपति श्री बशर-अल-असदका समर्थक बीच दुई दिन सम्म चलीरहेको झड़पमा मर्नेहरूको संख्या एक हजार भन्दा अधिक भएको छ। बिहीबार लताकिया प्रान्तमा शुरू भएको झड़प **अब भूमध्य** सागर तट सम्म फैलिएको छ। ब्रिटेन स्थित युद्ध निगरानी समूह, सीरियन Observatory for Human Rights ले भनेको छ, सात सय पैतालीस नागरिकका अतिरिक्त, सरकारी सुरक्षा बलका एक सय पचीस सदस्य र अपदस्थ राष्ट्रपति श्री **बशर असद** संग जोड़ीएको सशस्त्र समूहका एक सय अठचालिस जना मानिस मारिए ।

**दिल्ली-महिला बाइक रैली**

दिल्लीका उपराज्यपाल **श्री विनय कुमार सक्सेना** र मुख्यमन्त्री श्रीमती रेखा गुप्ताले आज नयाँ दिल्लीमा महिला बाइक र◌ेलीलाई हरीयो झण्ड◌ा दिखाएर शुभारम्भ गर्नुभयो । यस अवसरमा मुख्यमन्त्रीले भन्नुभयो, शहरको क◌ुन◌ा-क◌ुन◌ाबाट महिलाहरूले यस र◌ेलीमा हिस्सा लिएका छन् । श्रीमती गुप्ताले भन्नुभयो , यस आयोजन◌ाले महिलाहरू बीच उत्साह र सकारात्मक वातावरणका साथ-साथ आत्मनिर्भतालाई पनि बढ़ावा मिल◌्नेछ। श्रीमती रेखा गुप्ताले भन्नुभयो , ....byte 2 rekha gupta

**बांग्लादेश-विरोध प्रदर्शन**

बांग्लादेशको **मगुरा-मा** आठ वर्षीय नानीसंग भएको दुसकर्मको घटना विरूद्ध ढाका विश्वविद्यालयका विद्यार्थ◌ी र शिक्षकले प्रदर्शन गरे । यस प्रदर्शनमा निष्पक्ष जा◌ँच तथा बलात्कार◌ीहरूका लागि मृत्युदण्डको मांग गरिएको छ। बांग्लादेशमा कानून व्यवस्थाको खराब स्थित◌ीका कारण महिलाहरूका विरूद्ध अपराधको घटना लगातार बढ़◌ीरहेको छ। विद्यार्थ◌ीहरूले अन्तरिम सरकारको गृह मामल◌ाका सलाहकार **श्री जहाङ्गीर** आलम चौधरीले राजिनामाको पनि मांग गर्नुभयो । यस बीच, उच्च न्यायालयले यस मामि◌ल◌ाको सुनवाई एक सय अस्सी दिन भीत्र पूर◌ा गर्ने आदेश दिएको छ।

**आईसीसी चैंपियंस ट्रॉफी-1800 ****

दुबईमा भइरहेको आईसीसी च्याम्पियन्स ट्रफी दुई हजार पचिसको फाइनल भिडन्तमा न्युजिल्याण्डले भारतलाई दुई सय बाउन्न रनको लक्ष्य दिएको छ। दुबईमा आईसीसी च◌ेम्पीयन्स ट्रफीको फाइनलमा भारत र न्यूजील◌्याण्ड बीच भिडन्त जारी छ। ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउदै भारतले चार ओबरमा तिस रन बनाएर खेलीरहेको थियो ।

अनत्यमा मुख्य समाचार फेरी एकपल्ट

- कृत्रिम बुद्धिमता महिलाहरूका लागि धेरै उपयोगी
- संसदको बज◌ेट सत्रको दोस्रो चरण भोली देखी शुरू ह◌ुने
- दिल्लीको रविन्द्र भवनमा छ दिवसीय साहित्योत्सव जारी

- केन्द्रीय स्वास्थ्य मन्त्रीले मुख्यमन्त्री बालिका समृद्धि योजना र मुख्यमन्त्री कन्या आत्मनिर्भर योजनाको  गर्नुभयो घोषणा, अनि
- सीरियामा, दुई दिन सम्म चलीरहेको  झड़पमा मर्नेहरूको संख्या एक हजार भन्दा अधिक।

  आकाशवाणीबाट सुन्दै हुनुहुनथ्यो समाचार पूरा भयो ।